राष्ट्र निर्माण हाम्रो लक्ष्य

# नेपाल टेलिकम
# NEPAL TELECOM

प.सं. ०८३।८४
च.नं. प्रे.वि.नं. १९

मिति- २०८३।०६।०५

*बाढी प्रभावित क्षेत्रमा नेपाल टेलिकमद्वारा विभिन्न राहत तथा सञ्चार सुविधामा गरिएका थप व्यवस्था सम्बन्धमा*

## प्रेस विज्ञप्ति

गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित रसुवा, धादिङ, गोरखा, चितवन, नुवाकोट तथा तनहुँ जिल्लाका नागरिक तथा पृथ्वी राजमार्गअन्तर्गत गल्छी–नुवाकोट–रसुवा–स्याफ्रुबेंसी तथा मुग्लिन–नारायणगढ सडक क्षेत्र आसपास बसोबास गर्ने तथा बाढीबाट प्रत्यक्ष प्रभावित नागरिकलाई लक्षित गरी विभिन्न राहत तथा सञ्चार सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ।

बाढीका कारण क्षति भएका र पुनः प्रयोग गर्न सकिने अवस्थामा नरहेका एनटी फाइबर केबल तथा राउटर निःशुल्क उपलब्ध गराई जडान गरिने छ।
एनटी फाइबरमार्फत सेवा प्रयोग गरिरहेका ग्राहकको समयावधि समाप्त भएमा तीन महिनाका लागि निःशुल्क समय थप गरिने छ।

बाढी प्रभावित क्षेत्रमा रहेका ग्राहकको नाममा रहेको सिमकार्ड पुनः वितरण गरिने छ। यसका लागि पाँचवटा सम्पर्क गरिएका नम्बर उपलब्ध गराउनु पर्ने, उक्त नम्बरको Last Location बाढी प्रभावित क्षेत्रमा हुनुपर्ने तथा सम्बन्धित नम्बरको KYC Update यथाशीघ्र गर्नुपर्ने व्यवस्था गरिएको छ।

बाढीका कारण विभिन्न स्थानमा फसेका व्यक्तिहरूसँग सञ्चार सम्पर्क कायम गर्न नेपाली सेनाको समन्वयमा २१० थान सिमकार्ड उपलब्ध गराइएको छ। बाढी प्रभावित क्षेत्रका ग्राहक वर्गलाई उपलब्ध गराइएको प्याकेजसहितका यी सिमकार्डको विवरण अद्यावधिक गरी अभिलेख राख्ने व्यवस्था मिलाइएको छ।

त्यस्तै, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको IDMC मा रहेको Main Server देखि प्राधिकरणमा रहेको Backup Server द्वारा निःशुल्क Connection स्थापित गर्न Dark Fiber–Physical Connectivity उपलब्ध गराइएको छ।

बाढी प्रभावित क्षेत्रका नागरिकलाई प्राथमिक मनोवैज्ञानिक सहयोग तथा मनोपरामर्श सेवा उपलब्ध गराउने श्री मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र–नेपाल (CMC-Nepal) को नाममा जडान भएको टोल फ्री नम्बर १८१०५०००४०२ मा तीन महिनासम्मको मासिक बिल निःशुल्क हुने व्यवस्था मिलाइएको छ।

साथै बाढी प्रभावित क्षेत्रका नागरिकहरूलाई लक्षित गर्दै जिल्ला प्रशासन कार्यालय काठमाडौंको समन्वयमा नेपाल प्रहरी विपद् उद्धार एवम् प्रतिकार्य तालिम केन्द्र र राधास्वामी सत्संग व्यास नेपाल, सामाखुशी केन्द्रमा राहत सङ्कलन तथा व्यवस्थापनका लागि १ महिनाका लागि १०० Mbps क्षमताको निःशुल्क इन्टरनेट सेवा , जिल्ला प्रशासन कार्यालय भरतपुरमा रहेको विपद् व्यवस्थापन Unit का लागि १ वर्षको अवधिभर १०० Mbps क्षमताको निःशुल्क इन्टरनेट सेवा र रसुवा जिल्लामा आएको बाढीका कारण विपद् प्रभावित क्षेत्रबाट प्राप्त हुने सूचना, क्षति विवरण, राहत तथा उद्धारसम्बन्धी जानकारी, फिल्ड रिपोर्ट, फोटो तथा भिडियो लगायतका तथ्याङ्क समयमै संकलन र प्रवाह गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई १ वर्षका लागि उच्च गतिको निःशुल्क इन्टरनेट तथा प्राविधिक सहयोग उपलब्ध गरिएको छ।

कम्पनीले बाढी प्रभावित क्षेत्रको राहत, उद्धार र पुनर्स्थापनाका लागि कर्मचारीको योगदान सहित विभिन्न शीर्षकमा झन्डै २० करोड रुपैयाँ सहयोग यस अघि नै उपलब्ध गराइसकेको छ। साथै, बाढीबाट प्रभावित क्षेत्रको करोडौं रुपैयाँको दूरसञ्चार पूर्वाधार क्षति भएकोमा उक्त संरचना पुनर्निर्माण कार्यलाई समेत जारी राखेको छ।

डा. कमल लामिछाने
प्रवक्ता

सूचना तथा प्रकाशन शाखा,
प्रमुख व्यावसायिक अधिकृतको कार्यालय
भद्रकालीप्लाजा, काठमाण्डौ ।

नेपाल दूरसंचार कम्पनी लिमिटेड
Nepal Doorsanchar Company Ltd

फोन नं.
ना.प्र.नि : ०१४२१०१०६
प्रवक्ता : ०१४२१०२०४
सह-प्रवक्ता : ०१४२१०२९६
सूचना शाखा : ०१४२१०३०२